Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# जातककथामा दश राजधर्म

**अनिरुद्ध महर्जन**
थेरवाद एकेडेमी
लुम्बिनी बौद्ध विश्वविद्यालय
Email: anirudha_maharjan@yahoo.com

**लेखसार**

*आजभन्दा २६०० वर्ष अगाडि शाक्यमुनि बुद्धले तत्कालीन घटना र सन्दर्भ जोडेर आफ्नो पूर्व जन्मको घटना बताइएका ५४७ वटा बोधिसत्व जातककथा संग्रह भएको पाइन्छ । ती जातककथाहरूमा राज्यमा सुख, शान्तितथा समृद्धिसहित सुव्यवस्था कायम गर्नको खातिर शासक वर्गले आफनो बानी, व्यवहार तथा कामकर्तव्य पालना गर्ने क्रममा आवश्यक दश गुण वादान, शील, परित्याग, अज्जव, मधव, तप, अक्रोध, अविहिंसा, क्षान्ति र अविरोधी राजधर्मको उल्लेख छन् । बुद्धले तत्कालिन परिस्थितिमा घटेका घटना, परिदृश्य एवम् प्रसंगलाई आफू पूर्व जन्ममा बोद्धिसत्व भएको समयमा घटेका घटनासँग जोड्दै देश नभएको जातककथाहरूमध्ये महाहंस, नन्दियमिगराज, तेलपत, सुमंगल, राजोवाद, कूरू धर्म, जनसंन्ध, भिक्खा परम्परमा दश राजधर्मको उल्लेख भएको पाइन्छ । कुनै कुनै जातकमा अलग-अलग रूपमा र कहीँ न कहीँ अवयव जोडिएर आएको तेसकुश, एकराज, शिवि र वेस्सन्तर जातककथाहरूमा उल्लेख छन् । यसरी जातककथाहरूमा राजाहरूले शासन गरेको घटनालाई जोडी बुद्धकालिन अवस्थाको चित्रण गरेर नैतिक तथा धार्मिक शिक्षा दिएको पाइन्छन् । अतः यो लेखले राज्यमा सुशासन तथा सुव्यवस्था कायम गर्न बुद्ध शिक्षाको महत्व रहेको यथार्थतालाई मध्यनजर राखी जातक कथामा आधारित दश राजधर्मले राज्यमा सुशासन कायम गरेका सन्दर्भ र ज्ञान वर्तमान अवस्थामा पनि महत्वपूर्ण, सान्दर्भिक र उपयोगी रहेको ज्ञानलाई प्रकाश पारिएको छ ।*

**शब्दकुञ्जिका**: दश राजधर्म, सुशासन, जातक, बोधिसत्व, दान, शील ।

## परिचय

राज्यको सुव्यवस्था कायम गर्न शासकले आफ्नो बानी व्यवहार तथा काम कर्तव्यको पालना गर्ने क्रममा धार्मिक राजाको रूपमा स्थापित हुनु आवश्यक दश गुण वा चरित्रहरू दान, शील, परित्याग, अज्जव, मधव, तप, अक्रोध, अविहिंसा, क्षान्ति र अविरोधी नै दश राजधर्म हुन् । दश राजधर्मको पालना नगर्दा राज्यमा राजाको पतन समेत भएको जातककथाहरूमा उल्लेख छन् ।[1] शासक एक मात्र असल भएमा राष्ट्रले सुख पाएको र अधार्मिक हुँदा जनताले दुःख पाएको र हेर्दै गएमा जनताको नयाँ शासन राख्नुपर्ने घटना जातकहरूमा छ । निर्दोषहरूलाई दोष लगाएर दुःखदिने अधार्मिक क्रुर शासकहरूको चरित्र हो भनी जातकमा देखाएको छ ।[2] समय क्रममा पुरानो राजा शब्दलाई वर्तमान परिप्रेक्ष्यमा सरकारले विस्थापित गर्नुपर्दछ । त्यसैले वर्तमान सन्दर्भमा दश राजधर्मको प्रयोगमा सरकारसँग सम्बन्धित राज्य प्रमुख, मन्त्री, राजनैतिक नेता, सांसद र कर्मचारी आदि हुन भन्ने अर्थ जनाउछ ।[3] अतः दश राजधर्म शासकहरूका लागि मात्र नभई संघ/संस्था, समाज, घर परिवारमा समेत नेतृत्वदायी भूमिका निर्वाह गर्नेहरूका लागि पनि आवश्यक छ ।

---

[1] महाहंसजातक ५३४

दुण्ड बहादुर बज्राचार्य, *जातक*, न्यागूगु भाग, ललितपुरः वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०६८, पृ. २५६ ।

[2] दुण्ड बहादुर बज्राचार्य, *जातक*, न्हापांगु भाग, ललितपुरः बीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०६८, पृ. ३९ ।

[3] Rahul. *What Buddha Tought*. Taipei: The Corporate Body for the Buddhism Educational Foundation. 1978.

**अध्ययनको समस्या तथा उद्देश्य**

राज्य संचालन गर्न बौद्ध ग्रन्थहरूमा दशराज धर्मको विषयमा ठाउँ ठाउँमा उल्लेख छन्। विशेष गरी जातक कथाहरूमा दश राजधर्म पालना भएर देश सुन्दर, शान्त एवं समृद्धशाली भई कुनै प्रकारका भ्रष्टाचार एवं अपराध जस्ता विकृति तथा विसंगति नभएको रजनताको जीवन सुखमय भएको उल्लेख छन् । तर बौद्ध ग्रन्थहरूमा उल्लेख भएको राजधर्मबारे अध्ययन अनुसन्धानको कमी छ। धेरै जसोलाई बौद्ध ग्रन्थमा राजधर्म विषयमा उल्लेख भएको ज्ञान पनि छैन। बौद्ध अनुयायीहरूमध्ये थोरैलाई मात्र बौद्ध ग्रन्थमा राजधर्मको उल्लेख भएको ज्ञान छन्। जातक कथाहरूमा दश राजधर्मको पालनाबाट सुशासन कायम गरी व्याप्त भ्रष्टाचार, अपराध जस्ता विकृति तथा विसंगतिलाई निवारण गर्नको लागि उल्लेख भएका राजधर्म वर्तमान समयमा पनि उपयोगी र सान्दर्भिक भएको अध्ययन अनुसन्धानको नभएको देखिन्छ। शासकहरूका लागि राज्यको सुशासन कायम गर्न २६०० वर्ष अगाडि बुद्धले देशना गरेका राजधर्महरू के के हुन् र तिनीहरूको महत्त्वलाई बुझाउने यो लेखको मूल उद्देश्य रहेको छ।

**अध्ययनको विधि**

यो लेखमा विवरणात्मक र विश्लेषणात्मक विधिलाई अपनाएको छ। यस अध्ययनको लागि आवश्यक स्रोतको रूपमा दश राजधर्म सम्बन्धी पालि जातक तथा जातक अट्ठकथाको अनुवाद गरेका पुस्तकहरूको अध्ययन रबुद्ध शिक्षातथा सुशासनसँग सम्बन्धित लेख, रचना, पुस्तक, प्रतिवेदन र विद्युतीय सामग्रीको प्रयोग गरिएको छ।

**विषयवस्तु**

आजभन्दा २६०० वर्ष अगाडि बुद्धकालीन समयमा विद्यमान रहेका महाजनपद, जनपद, महानगर र नगरहरूमा जनताको सुख र शान्तितथा हितलाई मध्यनजर राखी राज्य व्यवस्था सञ्चालन गर्न तत्कालीन शासकहरूमा भएका गुणहरूको प्रशंसा गरी शाक्यमुनि बुद्धले धर्म देशनाहरू दिइएको थियो। राज्यमा अधार्मिक[4] शासकवा राजाको कारण जनताले पाएको अनावश्यक दुःख र राज्यमा अशान्ति, अपराध, भय, त्रासको वातावरण हुने र धार्मिक राजाको कारण जनताले सुख शान्ति तथा आनन्द जीवनको अनुभूति प्राप्त भई राज्यमा कुनै प्रकारको अपराध, भय, त्रास तथा खराब कार्य नभई सुरक्षित हुने भएकोले दश राजधर्मको पालना गर्नु पर्ने बताइएको थियो। राज्यमा शासन व्यवस्था राम्रो भएमा सुख र समृद्धि कायम हुन्छ। जनताले सुखसाथ जीवननिर्वाह गर्न सक्छ। सुख र समृद्धि कायम रहेको शासन व्यवस्थालाई नै सुशासन भनिएको हो। यसरी राज्यमा सुशासन कायम भएमा लोभ, लालच, डर, त्रास, अपराध, ठगी धन्धा, झैं-झगडा, आरोप–प्रत्यारोप, चोरी, डकैती, बलात्कार, हिसां, कलह, चाकडी, चुकली, नातावाद, कृपावाद लगायत अनेकौँ प्रकारका भ्रष्टाचार, अपराध जस्ता विकृति र विसंगति हुँदैन। सरकार र जनताबीच सुमधुर सम्बन्ध रही जनताले सुख पाउँछ। देश समृद्धशाली हुन्छ। सम्पूर्ण पक्षमा नै राज्य र जनताको प्रगति हुन्छ।

**जातक कथामा दश राजधर्म**

जातक कथामा राजाको शासन कालको घटनालाई जोडेर बुद्धकालिन अवस्थाको चित्रण गरेर नैतिक तथा धार्मिक शिक्षा दिएको पाइन्छ। दश राजधर्म एकमुष्ठ रूपमा वात्यसको अलगअलग रूपमा कहीं न कहीं अवयव जोडिएर आएको हुन्छ। त्यसमध्ये दश राजधर्म भनी एकमुष्ठ रूपमा प्रसंग जोडिएको कथाहरू महाहंस जातक[5] कथामा उल्लेख । शाक्यमुनि बुद्ध वेलुवनमा विहार गरेको समयमा देवदतको मारबाट बुद्धलाई बचाउन आनन्द स्थविरले जीवन परित्याग गरिएको प्रसंगमा उक्त जातक कथा बताइएको हो। जातक कथामा चित्रकुटका बोधिसत्व हंस राजा धृतराष्ट्रसँगको वार्तालापमा वाराणसीका राजाले

---

[4] मानिसमा रहेका भ्रष्टाचार, अन्याय, अनैतिक क्रियाकलाप आदि हुन्। जसको कारण ऊ नैतिकताको पथबाट विचलित भएको हुन्छ।
Bodhiprasiddhinand.'Notes on Buddhism and 'Good Governance'. *Sahasat*. year 9. vol. 2. Thailand: Faculty of Social Science and Humanities. Mahidol University.2009.

[5] बज्राचार्य, पूर्वोक्त पादटिप्पणी. नं. १, पृ. २३९।

राज्य सञ्चालन विधि तथा अवस्था, जनताको सुख र शान्तिको कायमगर्न दान, शील, परित्याग, अज्जव, मधव, तप, अक्रोध, अविहिंसा, क्षान्ति र अविरोधी जस्ता गुण रहेको उल्लेख छ । शाक्यमुनि बुद्ध जेतवनमा बसेको बेला आमालाई पालनपोषण गरिरहेका एक भिक्षुको विषयलाई लिएर नन्दियमिगराजजातक[6] बताएको थियो । उक्त जातकमा शाक्यमुनि बुद्धआफ्नो पूर्वजन्ममा बोधिसत्वहुदाँ जंगलका सबै जीवजन्तुलाई राजाले अभयप्रदान गराई राजालाई पञ्चशील स्थापित गरी चार अगति[7] नहोस्, दश राजधर्मको विरूद्धमा नगई धर्मपूर्वक न्यायपूर्वक राज्य गर्नु पर्दछ भनी केही समय राजासँगै बिताएको घटनाको उल्लेख छ । शाक्यमूनि बुद्ध सुम्भ राष्ट्रको सेदक भन्ने निगमनिरको एउटा वनखण्डमा विहार गरेका बेला 'जनपदकल्याणी सूत्र' अतितकालको तेलपत्तजातक[8] देशना भएको थियो । चार अगतिगामी काम नगरी दश राजधर्मको विरूद्ध आचरण नगरी धर्मानुसार शासन गरी दानादि पुण्य कामगरी राज्यमा दश राजधर्मको पालना गरी बोधिसत्त्वले राज्य गरेका थिए भनी उल्लेख गरिएको छ । साथै यस कथाले काम रागमा आशक्ति भए पछिको दुष्परिणामलाई पनि दर्शाएको छ । शाक्यमुनि बुद्ध जेतवनमा बसेको बेला राजोवाद सुत्त बताउँदा पूर्व जन्मको घटनाको प्रसंग जोडी सुमङ्गलजातक[9] देशनाभएको थियो । उक्त जातकमा राजपरिषद्का सबैले राजाको गुणको प्रशंसा गरी गुणवान् दश राजधर्म पालना गरेका सुवच, अक्रोध, राजाको सुखी होस् भनी कसैलाई पनि पीडा नदियोस भनी कामना गरेको र सफल लोकप्रिय जनताका प्यारा राजामा दश राजधर्म हुनु आवश्यक भएको उल्लेख छ । राजोवादजातक[10] शाक्यमुनि बुद्ध जेतवनमा बसेको बेला राजालाई उपदेश दिएको क्रममा पूर्व जीवनकालमा घटेका घटना सुनाएको हो । कोशल राजाले पापकर्म सम्बन्धी मुद्दा फैसला सकेर बुद्धकहाँ भेट्न जाँदा बुद्धले "धर्मपूर्वक न्यायपूर्वक मुद्दामामिलामा फैसला गर्नु राम्रो काम हो । पहिला पहिलाका राजाहरू सर्वज्ञता नभएको बेला पण्डितहरूको उपदेशको भरमा धर्मपूर्वक न्यायपूर्वक फैसला गरी चार अगतिबाट जोगाई दश राजधर्मको विरूद्धमा नगई धर्मानुसार राज्य गरेका थिए" भनी बताएको थियो । शाक्यमूनि बुद्ध जेतवन विहारमा बसेको बेला हाँस मार्ने भिक्षुको प्रसंगमा बताएको कथा नै कुरूधम्मजातक[11] हो । कुरूधर्म भनेको पञ्चशीललाई भनिन्छ । बोधिसत्व राजामाताकामहारानी, भाई, यूवराज, ब्राम्हण पुरोहित, भूमि नापी मन्त्री, सेठ, द्रोण मापक मन्त्री, द्वारपाल र वेश्याले अति सुक्ष्म रूपले पञ्चशील पालना गरेको तथा बोधिसत्वले दश राजधर्म पालना गरेर कुरू धर्मानुसार आचरण गरेको बताइएको जातक कथा हो । श्रावस्तीको जेतवन विहार रहेको बेला कोशल नरेश प्रसेनजितलाई लिएर देशना गरेको जनसन्धजातक[12] कथामा सर्वज्ञ बुद्धबाट उपदेशकको रूपमा महाराजबाट प्रमादी भएर बस्नु राम्रो होइन, राजा अप्रमादी भएर बस्नु पर्ने, राष्ट्र निवासीहरूलाई आमाबुबा समान गर्नुपर्ने, चार अपायमान जाने काम गर्नु पर्ने, दश राजधर्म विरूद्ध नगई राज्य गर्नुपर्ने, राजा धार्मिक भए परिषद पनि धार्मिक हुने चर्चा गरेको उल्लेख छ ।

---

6 *जातक* ३८५

दुण्ड बहादुर बज्राचार्य, *जातक*, स्वंगुगु भाग, ललितपुरः वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०६८, पृ. १८९ ।

7 छन्दागति, द्वेषागति, भयगति र मोहगति

8 *जातक* (९६)

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी. नं. २, पृ. ३३२ ।

9 *जातक* ४२०

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी. नं. ६, पृ. २९९ ।

10 *जातक*१५१

दुण्ड बहादुर बज्राचार्य, *जातक*, निगूगु भाग, ललितपुरः बीर पूर्ण पुस्तक संग्रहालय, वि.सं., २०६८ पृ. १ ।

11 *जातक*२७६

ऐजन, पृ. २६४।

12 *जातक* ४६८

दुण्ड बहादुर बज्राचार्य, *जातक*, प्यंगुगु भाग, ललितपुरः वीर पूर्ण पुस्तक संग्रहालय, वि. सं. २०६८, पृ. ११५ ।

**दश राजधर्म**

दान

दानको साधारण अर्थ दिनु हो। दान भनेको परोपकारी कार्य हो। दुःख वा समस्यामा परेकालाई मुक्त दिलाउन निःस्वार्थ रूपले सेवा भाव राखी गरिने कुशल कार्य हो। दानकार्य विशुद्ध श्रद्धाबाट सेवाभाव राखी गरिने कार्य हो। अतः दान कार्य कुनै ख्याति तथा प्रचार नै हो न कुनै बदलामा खोजिने प्रतिफल नै हो। यसले एक आपसमा प्रेम, सौहार्दता, विश्वास र सहयोगी भावना बढाउँछ। केही कसैलाई दिनु कुशल कार्य हो। यसको सम्बन्ध वस्तु र चितसँग हुन्छ। किनकि वस्तुमा टाँसिने लोभरूपी अकुशल चित दान दिँदा कुशल चित्तमा परिणत हुन्छ। दान दिँदा अकुशल चित्त नाश भई कुशल चित्त उत्पन्न हुने हुँदा मनमा रहेका विचार ग्रन्थहरू फुस्किन्छन्। दान दिँदा मन सधैँ प्रफूल्ल हुन्छ। दानदिँदा पाउने व्यक्तिले दिने व्यक्तिलाई आशिर्वाद आदर गरेर सम्मान गर्दछ। दिने र लिने बीचमा विश्वास र प्रेम बस्छ। दानले मानिस मानिस बीच सम्बन्ध बढाउँछ। राम्रो उद्देश्यले तोकेको लक्ष्य प्राप्त गर्न बाटो खुल्छ। दान सफलताको पहिलो खुड्किलो हो।[13] दान दिने वस्तुको आधारमा आमिस दान, अभयदान र धर्मदानको गरी तीन प्रकारका छन्। सबै प्रकारका बाह्य पदार्थ दान दिनुलाई आमिस दान भनिन्छ। भोक लागेकालाई भोजन, लुगा नभएकालाई लुगा, रोगीलाई औषधी, अनाथलाई बास आदि दान दिनु नै आमिस दान हो।[14] कसैलाई आफ्नो तर्फबाट भय नदिनु अभयदान हो। कसैलाई मार्दिन भन्नु नै सबैलाई बाँच्न दिनु हो। सबैलाई बाँच्न मन पर्दछ र सारा जीवित प्राणी दण्ड देखेर डराउँछन्। त्यसैले प्राणीहरूलाई भय नदिनु नै अभयदान हो।[15] जसले क्लेश नाश गर्न अनुतर धर्मदेशना गर्दछ, उसलाई धर्मदान गर्नु भनिन्छ। प्राणीहरूलाई ओवाद, उपदेश दिएर हितोपकार गर्नु पनि धर्मदान हो। त्यसरी नै बुद्धको शासनमा आएकाहरूलाई प्रज्ञा दान दिनु र दान, शीलबारे बुझाई दिनु पनि धर्म दान हो।[16]

कुरु धर्म जातक[17]मा कुरु राष्ट्रका राजाले नगरका चारैतिरका ढोकाहरू, दरवारमा र नगरका केन्द्र गरी ६ स्थानमा दानशाला राखी दिनहुँ ६ लाखका दरले दान गर्ने गरेको र राजादानी रहेको खवर जम्बुद्वीप भरी नै फैंलियो। अर्को राष्ट्र कलिङ्गमा अनिकाल परेकोले मङ्गल हातीभएमा वर्षा हुन्छ भनिएकोले उक्त हात्तीलिन आउने कलिङ्गका ब्राम्हणहरूलाई आफ्नो मङ्गल हात्ती समेत सहर्ष दान दिए।

शिविजातक (४९९)[18] अनुसार शिवि राजाले जनताको हितको लागि ६ वटा दानशाला राखी दैनिक रूपले आमिषदान गर्ने गर्दथ्यो। आवश्यकता परेमा आफ्नो शरीरका अङ्ग, प्रत्यङ्गको साथै शरीर नै दान गर्न लालायित दानी तथा दयालु स्वभावका राजाले जनताको आवश्यकता तथा अभाव बुझ्न भ्रमणमा निस्के। सोही समयमा एक जना अन्धा मान्छेले आफ्नो आँखा नभएको कारण दुःख भएको गुनासोसहित आँखाको याचना गरेकोले उक्त व्यक्तिलाई आफ्नो दुवै आँखा हार्दिकताका साथ दान दिए।

---

13 केशवमानशाक्य, 'दशपारमिता', *बुद्धशिक्षाकाआयामहरू*, काठमाडौंः केशरमान ताम्राकार, वि.सं. २०७६, पृ. नं. २०–२१।

14 ऐजन, पृ. २२

15 शाक्य, पूर्वोक्त पादटिप्पणी नं.१३, पृ. २२।

16 ऐजन, पृ. २३।

17 *जातक* २७६

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं.१०, पृ. २६४।

18 शिविजातक (४९९)

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. १२, पृ. २७३।

वेस्सन्तर जातक[19]मा वेस्सन्तर राजकुमारले आठ वर्षको उमेरमा नै कसैले माग्न आएमा आफ्नो रगत, मासु, हृदय, आँखा मात्र नभई शरीर समेत दान दिन्छु भनी दृढताका साथ अठोटसहित संकल्प गरेका थिए । जनताको अभाव तथा आवश्यकता पूर्ति गर्न कुनै कसुर बाँकी नराखी दानशाला राखीदान गर्दथ्यो । अर्को राष्ट्र कलिङ्गमा अनिकाल परेकोले सेतो मङ्गल हात्ती भएमा वर्षा हुन्छ भनिएकोले उक्त हात्ती लिन आउने कलिङ्गका ब्राम्हणहरूलाई आफ्नो मङ्गल हात्तीसमेत सहर्ष दानदिए । जसको कारण राज्य नै त्याग गरी वंक पर्वततिर गए । त्यहाँ पनि माग्न आउनेलाई छोरा र छोरी समेत दान दिएको उल्लेख छ ।

**शील**

शील भनेको राम्रो आचरणको लागि नभई नहुने व्यवहार हो । यसको पालनाले व्यक्ति स्वयंलाई नैतिकवान् र ख्याति प्राप्त हुनुका साथै निर्भिक हुन सिकाउँछ भने समाज र राष्ट्रको शान्ति र सुरक्षाको लागि नैतिक पाठ हो । यस अर्थमा शीलको साधारण अर्थ सदाचार हो । शरीर र वचनले गर्ने अकुशल कार्यबाट राम्ररी जोगिनु नै शील हो । कार्य र वाक सुशिक्षित हुनुलाई शील भनिन्छ । सारा निर्दोष गुणरूपी शरीरको टाउको भएको वा भावलाई शील भनिएको हो ।[20] आफ्नो हितको कारण अरूलाई हानी नहोस् भनी बच्न र बचाउनको लागि राम्रो स्वभाव, व्यवहार वा नियत हुनु नै शील पालना हो । राज्यमा अनेकौँ प्रकारका गलत काम कार्वाही, भ्रष्टाचार, अपराधजन्य क्रियाकलापको गन्ध नै आउन नदिई जनताको जिउ, धनको रक्षा गरी सुव्यवस्थित राज्य सञ्चालनका लागि राज्यका शासकदेखि जनता सबैले शीलको पालना गर्नु पर्दछ । कर्म र वचनबाट गरिने कुशल कार्यहरू जस्तो प्राणी हिंसा नगर्ने, झुठो कुरा नगर्ने, चुक्ली नगर्ने, कडा बचन नबोल्ने, अनावश्यक फोगत कुरामा समय नबिताउने, नदिएको वस्तु नलिने (चोरी नगर्ने), व्यभिचार नगर्ने जस्ता व्यवहार देखाउन सकिएमा राज्यमा सुव्यवस्था कायम हुन्छ ।

कुरु धर्म जातक[21] मा कुरु राष्ट्रका राजादेखि दरबारका कर्मचारी समेतले सुक्ष्म रूपले पञ्चशीलको पालना गरेको उल्लेख छ । शीलभङ्ग होला भनी अत्यन्तै सतर्कता अपनाई राज्य संचालन गरी सुव्यवस्था कायम गरेको उल्ल्लेख छ । नन्दियमिगराजजातक[22]मा शाक्यमुनि बुद्धले आफ्नो पूर्व जन्ममा बोधिसत्व हुदाँको प्रसंग जोडी जंगलका सबै जीवजन्तुलाई राजाबाट अभय प्रदान गराई राजालाई पञ्चशील स्थापित गरी चार अगति नहोस्, दश राजधर्मको विरूद्धमा नगई धर्मपूर्वक न्यायपूर्वक राज्य गर्नुपर्दछ भनी केही समय राजासँगै बिताएको घटना उल्लेख छ । तसर्थ शीलको रूपमा गृहस्थीहरूले पञ्चशील जस्ता आचरणमा प्रशिक्षित भएमा त्यो राज्यमा कुनै अपराधजन्य घटनाको गुन्जायस नै नरही अमन चयन कायम भएर सुव्यवस्थित रूपले सारा मानिसको जीवन निर्बाध रूपले शान्त र सुखका साथ चल्छ । एक उच्च नैतिक चरित्र नै शील हो । उसले कहिल्यै अरूको जीवन बर्बाद गर्ने, चोरी गर्ने, ठग्ने र शोषण, व्यभिचार गर्ने मिथ्या वचन र मादक पदार्थको सेवन गर्दैन ।[23] तसर्थ शील पालना भएमा राज्य वा समाजमा कुनै झै झगडा, हत्या, हिंसा, ठगी, चोरी, व्यभिचारी बलात्कार, हुलदंगा जस्ता अपराधजन्य घटना हुँदैन । सबैले नैतिकरूपले मूल्य मान्यता कायम राखी राम्रो आचरणलाई व्यवहारमा ढालेका हुन्छन् ।

---

19 वेस्सन्तरजातक (५४७)

दुण्डबहादुरबज्राचार्य, *जातक*, खुगूगु भाग, ललितपुरः वीर–पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०६८, पृ. ३७४ ।

20 शाक्य, पूर्वोक्त पादटिप्पणी नं. १३, पृ. २४ ।

21 *जातक* २७६

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. १०, पृ. २६४ ।

22 जातक ३५८

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं ६, पृ . १८९ ।

23 राहुल, पूर्वोक्त पादटिप्पणी नं. ३, पृ. ८५ ।

**परित्याग**

परित्याग भन्नाले सबै क्लेशबाट मुक्त गर्नका लागि गरिने त्याग वा बलिदान हो । राग, द्वेष, मोह, मानमा अल्झिई परिआएको अवस्थामा कुशल कार्यको लागि आफ्नो जीवन समेत सुम्पिन तयार रहनु नै परित्याग हो । यस मानेमा यो दान उपपारमिता र परमत्थपारमिता हो । जनताको भलाईको लागि सबथोक त्याग गर्नु पर्दछ । व्यक्तिगत सुविधा, नाम,किर्ती अझ उसको शरीर समेत जनताको इच्छाको लागि दिन तयार रहनु पर्दछ ।[24] परित्यागको भावना भएका राजा वा शासक राज्यमा प्रतिस्थापित भएमा जनताले सुख र सुव्यवस्थाको अनुभूति गर्न सकिन्छ । जनताको हित र भलाई राज्यको उन्नती र समृद्धि उसको लक्ष्य बन्छ र त्यसको परिपूर्तिको लागि जीवन दान दिन पनि तयार रहेको हुन्छ । राज्यको ढुकुटी रित्याएर भोगविलास र काम तृष्णामा लिप्तभएर जनताको दुःख र पीर मर्कामा खेलवाद गरिएको हुँदैन । परित्याग भनेको स्वयं त्याग हो । प्रज्ञा, सम्यक सति र कुशल नियतमा प्रदान गर्ने कार्य हो । राग, द्वेष, मोह जस्ता क्लेशको विपरित सार्वजनिक हितको लागि आफ्नो व्यक्तिगत खुशी र सुख सुविधाको त्याग हो ।

शिविजातक[25] मा शिवि राजाले जनताको हितको लागि दैनिक रूपले दान गर्ने गर्दथे । अन्धा मान्छेले आफ्नो आँखा नभएको कारण दुःख भएको गुनासासहित आँखाको याचना गरेकोले उक्त व्यक्तिलाई आफ्नो दुवै आँखा हार्दिकताका साथ दान दिएर राज्य समेत त्याग गरेको वर्णन पाइन्छ । वेस्सन्तर जातक[26] मा वेस्सन्तर राजकुमारले जनताको अभाव तथा आवश्यकता पूर्ति गर्न कुनै कसुर बाँकी नराखी दानशाला राखी दान गर्नुको साथै मङ्गल हात्तीसमेत सहर्ष दान दिएको कारण राज्य नै त्याग गरी वंक पर्वततिर गए । त्यहाँ पनि माग्न आउनेलाई छोराछोरी समेत दान दिएको कथनले वेस्सन्तर राजकुमारले राज्य र जनताको अभाव तथा आवश्यकता परिपुर्तिको लागि गरेका त्याग भावना दर्शाएको उल्लेख छ । यसरी पदमा बस्ने वा नेतृत्व तहमा पुग्ने शासकहरूले जनता र राज्यको लागि परित्यागको गुण प्रदर्शन गरेमा जनताको विश्वास बढ्छ । त्यो शिक्षा जनताले पनि ग्रहण गर्दछ । देशमा कसैबाट पनि अकुशल कार्य गर्नु हुँदैन । राजाको त्यागको भावनाले देशमा सबैको हितकर भई सुव्यवस्था कायम भएको हुन्छ ।

**अज्जव**

अज्जवको अर्थ स्वच्छता एवं इमान्दारिताले भरिपूर्ण चरित्र हो । कुनै किसिमबाट पनि आफ्नो स्वच्छता र इमान्दारितामा डगमगाउनु हुँदैन । यस अर्थमा आफ्नो काम र क्रियाकलाप अत्यन्तै पवित्र हुन्छ । आग्रह, पूर्वाग्रह, भेदभावजन्य व्यवहार तथा म मेरो भन्ने स्वार्थबाट मुक्त रही काम कर्तव्यमा दत्तचित्त भएर इमानदारिता प्रदर्शन गर्नु नै अज्जव हो । यसको अर्थ इमानदारिता र पवित्रता कायम गर्नु हो । ऊ चिन्ताबाट पुरै मुक्त र आफ्नो जिम्मेवारीको क्रममा उदार दयालु हुनु पर्दछ । उसको नियतमा असल हुनु पर्दछ । सार्वजनिक काममाथि ठग्ने काम पटक्कै गर्नु हुँदैन ।[27]अज्जवले धार्मिक, नैतिक नियमहरू, सत्यता, बफादारी र न्याय अथवा स्वच्छतालाई दर्शाउँछ । चार कारणहरूबाट पाप (खराब) वा अकुशल कर्म गर्दैन । जसमा चार कारणहरू भन्नाले कुनै पनि आग्रह, पूर्वाग्रह राखेर पक्षपातपूर्ण स्वभावले गरिने कार्यलाई भनिएको हो । जसमा छन्द, द्वेष, भय र

---

[24] ऐजन पृ. ८५ ।

[25] जातक ४९९

बज्राचार्य,पूर्वोक्त पादटिप्पणी नं. १२, पृ. २७३।

[26] जातक ५४७

बज्राचार्य,पूर्वोक्त पादटिप्पणी नं.१९, पृ. ३७४।

[27] Barua, and Barua 'Buddhist Approach to Universal Ethics through Good Governance:A Study on Ten Royal Vitues',*Mindful Leadership for Sustainable Peace,* Hanoi:Buddhist University Publications,2019Web. Access on 10th April 2020

मोहद्वारा धर्मलाई उल्लंघन गर्नु नै छन्दागति, द्वेषगति, भयगति र मोहगति हुन् ।[28] ती चार कारणबाट पापकार्य गर्नबाट रोक्न सकिएमा समाज र राष्ट्रको लागि धेरै नै फलदायी तथा हितकारी कार्य हुन्छ ।

भरूजातक (१२७)मा कोशल नरेश प्रसेनजितबाट तैर्थिकहरूसँग घुस लिएको प्रकरण, जनसन्धजातक (४६८)मा कोशल नरेश प्रसेनजित कामरागमा लिप्त हुँदा जनताले दुःख पाएको घटना, राजोवादजातक (१५१) मा कोशल नरेश प्रसेनजितलाई मुद्दा मामिलामा ठीक ढंगले निर्णयको देशना, राजोवादजातक (३३४) र तेसकुशजातक (५२१) मा कोशल नरेश प्रसेनजितलाई धर्मानुसार राज्य गर्ने गरेको सम्बन्धमा उनलाई दिएको देशनाले अज्जवको महत्वलाई दर्शाएको छ । भिक्खा परम्पर जातक(४९६) र राजोवादजातक(१५१)मा राजाको इमान्दारीता, स्वच्छता अनि काम कार्वाही प्रति पवित्रतासहित सत्य र न्यायपूर्ण शासनको कारण राज्यमा अपराधजन्य क्रियाकलाप तथा घटना शून्य रही कुनै मुद्दा मामिला तथा उजुरी नआएको कारण न्यायालय वा अदालतको आवश्यकता नै नभई बन्द गर्नु परेको उल्लेख छ । राज्यका कर्मचारी वा शासकले आफ्नो काम र व्यवहारमा अज्जव कायम गर्न सकेमा कुनै किसिमको अविश्वास तथा शंका रहने वातावरण बन्दैन । हरेक कार्य सुचारूपले निरन्तर रूपमा अघि बढेको हुन्छ । एकले अर्कालाई ठग्ने, बेइमान गर्ने, धोका दिने जस्ता कार्य हुँदैन र कुनै प्रकारको मोलमोलाई, भ्रष्टाचार, व्यभिचार लगायत अपराधजन्य क्रियाकलाप हुँदैन । कुनै क्रियाकलापबाट पनि अरूलाई हानी भएको हुँदैन । तसर्थ, राज्यमा शासकसँग यस प्रकारको अज्जबको गुण भएमा त्यस राज्यमा स्वतः सुव्यवस्था कायम भई जनजीवन शान्त र सुखदायी हुन्छ ।

**मधव**

मधवको अर्थ साधारण रूपले दयालु, कोमल र भलाद्मी भन्ने बुझिन्छ । यसको गुण मित्रता, भलाद्मी र सुन्दर आचरण हो । कसैको दुःख र आपत्तिमा करूणा जाग्नु र त्यसबाट आएको समस्याको समाधानको लागि दयाभाव राखी मद्दत गर्नु नै मधवको चरित्र हो ।

कुरुधर्म जातक (२७६) मा कुरु राजा, शिविजातक (४९९) मा शिवि राजा रवेस्सन्तर जातक (५४७) मा वेस्सन्तर राजकुमारको दयालु तथा भलाद्मीपन मधवको उदाहरणहरू हुन् । सुमङ्गल जातक[29] मा राजाबाट आत्म संयम, धैर्यतासहित दयालु स्वभावको कारण हतारमा निर्णय नगरी भुलवस प्रत्येक बुद्धको हत्या गर्ने मालीलाई कोमल हृदय देखाई क्षमा दिएका मधवको अनुपम गुण नै हो । राज्यका शासक प्रमुखको हृदय कोमल भई जनताको पीर मर्कामा दया राख्ने करूण चरित्र भएमा जनताको प्रिय हुन्छ । यस प्रकारको स्वभाव वा गुण राजामा नै गुञ्जायमान हुन्छ । तसर्थ राज्यमा अपराध, ठगी, लुटपाट,चोरी, डकैती, व्यभिचारी जस्ता क्रियाकलाप भई अशान्ति तथा भाँडभैलो र वैमनश्यताको अन्तभई सुव्यवस्था कायम रहेर राष्ट्र सुमधुर गतिले अघि बढछ । जनताको जीवन सुखी तथा शान्तप्रिय हुन्छ । जहाँ मधव हुन्छ, त्यहाँ दयालु भलाद्मी नम्र स्वभाव प्रकट भई मैत्री र करूणामय वातावरण बन्छ । जनतामा आत्माविश्वास बढ्छ ।

**तप**

तप भनेको राग, द्वेष र मोहसहितको क्लेश हटाउनमा प्रतिवद्ध हुने गुण हो । क्लेश संतृप्त गर्ने वीर्य, शान्ति, शील, धुताङ्गता इन्द्रिय संवर, हिरी र ओतप हुनुको गुण हो । साधारण तथा सादा जीवन शैली र आत्म नियन्त्रणमा क्लेश हटाउनु नै तप हो । राग, द्वेष र मोहलाई प्रहाण गर्न म मेरो भने सत्काय दिठ्ठीलाई निर्मूल गरी सम्यक दृष्टि प्राप्त गर्न प्रतिवद्ध हुनु नै तप हो । राज्यका शासक वा प्रमुखहरूमा तप आवश्यक छ । किनकि तप भएमा राज्यको ढुकुटीमा खेलवाड गरेर काम तृष्णामा आशक्त भई देशलाई बर्बाद गर्न दिँदैन । मनमा काम राग उत्पन्न भई कुनै प्रकारको द्वेष पनि सृजना हुन पाउँदैन र ऊ अज्ञानताबाट पार तर्दै राग, द्वेष, मोहरहित भई सबै जनताको सेवा तथा हितमा रहनु नै आफ्नो जीवनको उद्देश्य हुन्छ । यसरी राष्ट्रले तप गुणले युक्त

---

[28] दुण्ड बहादुर बज्राचार्य, *दीघनिकाय*, ललितपुरः वीरपूर्णपुस्तकसंग्रहालय, २०५६, पृ. ४८४ ।

[29] *जातक* ४२०

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. ७, पृ. २९९ ।

नेतृत्व पाएमा जनताले कुनै प्रकारको हत्या, हिंसा, दुस्मनी, चोरी ठगी, डाह, कपटी, चाकडी, चुक्लीलगायत सबै खाले भ्रष्टाचार, दुराचार जस्ता अपराधिक गतिविधि उत्पन्नहुने अवस्था रहँदैन । सबैमा नैतिकता र सेवाको भावना बृद्धिभई मैत्रीतथा करूणाले युक्तमानव समाजको सिर्जना भएको हुन्छ । जनताको जीवनशैली सुमधुर ढंगबाट अघि बढ्दै सुख र सन्तोषपूर्ण हुन्छ । यसरी राज्यप्रमुख वा जिम्मेवार व्यक्तिले सादा जीवन बिताउनु पर्दछ । विलासिताको जीवनमा रहनु हुँदैन ।[30] जब राजामा काम रागको तृष्णाले युक्त स्वार्थ तथा म मेरो भन्ने भावनालाई त्याग गरी सादा जीवन अँगाल्दछ भने त्यस राष्ट्रको जनताको भविष्य सुनिश्चित भई सुव्यवस्था कायम भएको हुन्छ ।

तेलपतजातक[31] मा राग, द्वेष, मोहसहितको क्लेशबाट आफुलाई नियन्त्रण गर्न नसक्दा आफ्नो जीवन नै समाप्त भएको उल्लेख गरी राज्यमा धर्मानुसार शासन गर्न राजामा तपको महत्व दर्शाएको छ । चार अगति तथा काम तृष्णाबाट अलग भई शासन गर्नुपर्ने उल्लेख छ । यसर्थ शासकले पञ्चइन्द्रिय अर्थात् आँखा, कान, नाक, जिब्रो र शरीरलाई अनावश्यक तवरले आशक्तिलाई संयम गर्नु पर्दछ र मध्यम मार्गी पथमा लम्कनु पर्दछ ।[32] त्यस्तै आफ्नो कार्यमा पूर्ण गर्नमा समर्पित हुनुपर्दछ ।[33]

**अक्रोध**

नरिसाउने खराब इच्छा नहुने, द्वेष तथा अरूप्रति वैर भाव नहुनु नै अक्रोध हो । कोही कसैसँग पनि रिस, द्वेष भावना नराख्नु नै रागरहित स्नेह राख्नु हो । राज्य प्रमुखमा अक्रोधको भावना भएमा सबै काम कार्वाही पूर्ण विश्वासका साथ सञ्चालन हुन्छ । अनावश्यक डर, त्रास भयरहित वातावरणमा कार्यको गति अघि बढ्छ । ऊ सबै प्रतिनम्र हुनुपर्दछ । अक्रोधले क्रोधलाई जित्छ । राम्रोले खराबलाई जित्छ । दानले कन्जुसलाई जित्छ[34] र झुठावादीलाई सत्यवादीले जित्छ भनी धम्मपदमा उल्लेख छ ।

सुमङ्गल जातक[35] मा राजाले रिस उठेको बेला राम्ररी सोच विचार नगरी हतारमा निर्णय गर्नु हुँदैन । यसो नगरेमा आफैँलाई अयोग्य तथा अनुचित भई अरुको लागि दुःखदायी हुन्छ भनी क्रोधलाई संयम राखी कोमल हृदय देखाई प्रत्येक बुद्धलाई अन्जानवशहत्या गर्ने मालीलाई क्षमादिएको छ । क्रोधलाई संयम गरी मैत्रीभाव उत्पन्न गर्नु पर्दछ । खराबको अगाडि राम्रो भएर प्रस्तुत गर्नुपर्दछ । तब न क्रोध नास भई अक्रोधपूर्ण वातावरण बन्छ । समाज र राष्ट्रमा क्रोध नै प्रमुख जड हो जसले बैमनस्य, बदलाको भावना पैदा गरीअन्य अपराधजन्य कार्य गर्न प्रेरित गर्दछ । वाराणसीका राजा ब्रह्मदत कुमारले जनतालाई गरिने व्यवहारको सन्दर्भमा सारथीले क्रोधीलाई अक्रोधी (मैत्री), नराम्रालाई राम्राले, कन्जुसलाई दान दिएर, झुठ्ठालाई सत्यवादी भएर व्यवहार गर्दछ भनी जवाफ दिएको कम्ति घत लाग्दो छैन । यसरी क्रोधको सट्टा मैत्रीपूर्ण व्यवहारलाई महत्व दर्शाएको छ ।

एकराज जातक[36] मा एकराज नामक राजाले आफ्नो राज्यमा दानशाला राखी धार्मिक रूपले राज्य गरेको प्रसंगमा चोरलाई समेत क्रोध पूर्वक दण्ड नदिई उल्टो विनम्र स्वभावले आवश्यक वस्तु दान दिई राज्यमा जनतालाई सुखपूर्वक बाँच्न दिएको पाइन्छ । यसरी राज्य प्रमुखले मैत्रीभाव बृद्धि गरी अक्रोधको व्यवहारले युक्तभएमा राज्यका सबै जनताको हित भई राज्यमा सुव्यवस्था कायम हुन्छ । तसर्थ उसँग विश्लेषण गर्ने क्षमता हुनुपर्दछ र बिना कुनै बेखुसी र धर्म राहत सकारात्मक दिमागले काम गर्नु पर्दछ ।

**अविहिंसा**

---

30 राहुल, पूर्वोक्त पादटिप्पणी नं. ३, पृ. ८५।

31 *जातक* ९६

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. २, पृ. ३३२।

32 बरौ र बरौ, पूर्वोक्त पादटिप्पणी नं. २७,पृ. २०२।

33 ऐजन, पृ. २०२।

34 बज्राचार्य, दुण्डबहादुर, *धम्मपद*, ललितपुरः वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०५८, पृ. २०३।

35 *जातक* ४२०

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. ६, पृ. २९९।

36 *जातक* ३०३

ऐजन पृ. ९।

हिंसा नगर्ने इच्छा तथा निर्दयीरहित स्वभाव वा आचरण हुनु नै अविहिंसा हो। राग, द्वेष उत्पन भएमा हिंसाको रूपले स्थान ओगटछ। जहाँ हिंसा हुँदैन, त्यहाँको जीवन मेलमिलाप पूर्ण रही विश्वास कायम भई शान्त र सुन्दर हुन्छ। मैत्री र करूणाको ठीक विपरित क्रियाकलाप तथा आचरण नै हिंसा हो, जुन अत्यन्त डरलाग्दो हुन्छ। कडा वचन बोल्नु, अरूलाई चित्त दुखाउनु, मन दुखाउनु पनि हिंसा नै हो। अरूको इच्छा विपरित बाध्यतामा पार्नु वा जवरजस्ती बल गर्नु पनि हिंसा नै हो। जब हिंसाले स्थान ग्रहण गर्दछ त्यस बेलाको स्थिति दर्दनाक तथा क्षतिपूर्ण हुन्छ। यसर्थ राज्यमा शान्ति र जन धनको सुरक्षा प्रदान गर्नु राज्यप्रमुखको काम र कर्तव्य हो। पदमा उ जिम्मेवार भई सजग रही अविहिंसालाई प्रवर्द्धन र प्रोत्साहन गर्नुपर्दछ। आफ्नो फाइदाको लागि अरूलाई कुनै किसिमको हानी नोक्सानी नगर्नु नै अविहिंसा हो। अविहिंसा भन्नु नै हिंसा नगर्ने अभ्यास हो। कुनै समस्यालाई शान्तिपूर्ण मार्गबाट समाधान गर्नु हो। अरूप्रति आदर भाव प्रकट गर्नु हो।[37]यस अर्थमा अविहिंसाले प्रशिक्षित एवम् स्थापित समाज वा राज्यमा जनताले सुखपूर्वक जीवनयापन गर्न सकिन्छ। सबै सत्वप्राणी प्रति मैत्रीभावनाले स्थान ग्रहण गरेको हुन्छ। कसैको दुःखमा करूणारूपी सहयोगको अभाव रहेको हुँदैन।

एकराज जातक[38] मा राजाले चोरलाई समेत क्रोधपूर्वक दण्ड नदिई उल्टो विनम्र स्वभावले आवश्यक वस्तु दान दिई राज्यमा जनतालाई सुखपूर्वक बाँच्न दिएको पाइन्छ। जनसन्धजातक (४६८)[39] मा बोधिसत्व राजा हुनुभए पछि देशको चार ढोकामा दानशालाको स्थापना गरी दैनिक ६ लाखको दान गर्ने गरी महादान गरे। झ्यालखाना खोलेर कैदीहरूलाई मुक्त गरे। पशु बधशाला बन्द गरे। यसरी अविहिंसा राष्ट्रको उत्थान र प्रगतिको लागि अत्यन्त आवश्यक पक्ष हुन्। राष्ट्रका नायकहरूमा यस पक्षको बलियो गुण रहेको हुनुपर्दछ। जसले प्रत्येक कामकार्वाहीलाई एक ढिक्का भएर अपनत्व ग्रहण गरी पूरा गर्न कुनै कसुर बाँकी राख्दैन। राज्यमा अविहिंसा कायम हुनु भनेको शान्ति र मेलमिलाप कायम रहनु हो। तसर्थ यसले राज्यको प्रगति एवं समृद्धितिर दोहर्‍याउन महत्वपूर्ण टेवा पुर्‍याउँछ भने अर्को तर्फ शान्ति र मैत्रीभाव बलियो रहेमा राज्यमा जनताको जीवनयापन अत्यन्त आनन्ददायी हुन्छ।

**क्षान्ति**

क्षान्तिको अर्थ सहनशीलता र क्षमाशील गुण हो। कुनै कसै प्रति द्वेष भावना नराखी बदलालिने चरित्रको त्याग नै क्षान्तिहो। अरूको गल्तीले आफ्लाई चोट परेपनि बदला नलिई सहेमा अर्को दुर्घटनाबाट बचिन्छ र उल्टो चोट पुर्‍याउने व्यक्तिमापनि मैत्री र करूणाको भाव जाग्दछ। सहन गर्नु मात्र पनि समाज र राष्ट्रमा हिंसा अपराध तथा अन्यमा नव सिर्जित दुर्घटना हुन नदिई कार्य गर्न सक्छ। सारा प्राणीहरू आफ्ना दाजुभाई र दिदीबहिनी जस्तै ठानेर अरूबाट आउने दुःख सहनु पर्दछ, आगोको स्वभावनै पोल्नु हो त्यसैले आगो देखि किन रिस गर्नु। आफैँले नै त्यसलाई आगो भनी छुनु हुँदैन। त्यसरी मुर्खहरूसँग रिस गर्नु हुँदैन, मुर्खताबाट टाढिनु पर्दछ।[40] यसरी राज्यको कार्यकारीमा अरूप्रति सहनशील तथा क्षमाशील हुने गुणले युक्त हुनुपर्दछ। अरूको गल्तीलाई सहनु वा क्षमा दिएर भावी दुर्घटनाबाट जोगिई नयाँ मित्रता कायम गरी कार्य अगाडी बढाउनु पर्दछ। न की बदलाको भावनाले रिस गर्नु हो। क्षान्तिले हृदयलाई कोमल, नरम मिजास तथा भद्रता कायम गर्दछ जसको कारण द्वन्दसिर्जना गर्न दिँदैन। राज्यमा शान्ति र जनहितमा समर्पित शासनले क्षान्तिको गुण देखाउनु पर्दछ। यसो भएमा राज्यमा कलह आफैँ मत्थर भएर जान्छ। अरूको गल्तीलाई आवेगमा आएर अर्को ठूलो गल्ती नगरी दुर्घटनाबाट जोगिनु नै क्षान्ति हो।

---

[37] बरौ र बरौ, पूर्वोक्त पादटिप्पणी नं. ३३, पृ. २०३।

[38] एकराजजातक ३०३

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. ६, पृ. ९।

[39]जातक४६८

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं.१२, पृ. ११५।

[40]शाक्य, पूर्वोक्त पादटिप्पणी नं. १३, पृ. ३०।

एकराजजातक[41] मा राजाले चोरलाई समेत दण्ड नदिई उल्टो विनम्र स्वभावले आवश्यक वस्तु दान दिई राज्यमा जनतालाई सुखपूर्वक बाँच्न दिएको र आफ्नो राज्यमा आक्रमण गरी मार्न आउँदा समेत क्षान्तिवादी भई मैत्रीभावना राखी शत्रुलाई समेत मन पगालेको घटना प्रस्तुत भएको छ । पब्बतूपत्थर जातक[42]मा राजाबाट बोधिसत्व पण्डितको सल्लाह बमोजिम र निवासलाई दूषितपार्ने अमात्यलाई समेत क्षमा दिएको घटना उल्लेख छ । कोशल नरेश प्रसेनजितले पनि बुद्धको धर्म देशना ग्रहण गरेर निवासलाई दूषित पार्ने अमात्यलाई क्षमा दिएको घटना उल्लेख छ । सुमङ्गलजातक[43]मा राजाले रिस उठेको बेला राम्ररी सोच बिचार नगरी हतारमा निर्णय गर्नु हुँदैन । यसो नगरेमा आफैँलाई अयोग्य तथा अनुचित भई अरुको लागि दुःखदायी हुन्छ कोमलहृदय देखाई प्रत्येक बुद्धलाई अञ्जानबस हत्या गर्ने मालीलाई क्षमा दिएको उल्लेख छ । यस अर्थमा क्षान्ति भन्नाले प्रतिकूल परिस्थितिप्रति समभाव राख्ने स्वभाव हो । विभिन्न प्रकारका प्रतिकूल व्यक्ति र परिस्थिति प्रति कुपित नभईकन सन्तुलित भएर बस्न सक्ने अभ्यास क्षान्ति हो ।

**अविरोधी**

अविरोधी भनेको निर्विरोध वा सर्व सम्मत हुनुको भाव हो । त्यस अर्थमा राज्यमा राज्य प्रमुखले हरेक गतिविधिमा राज्य सञ्चालन गर्दा कहीँ कतै कमजोरी या गल्ती भयो कि ? जनताले रूचाएका छन् कि छैनन् ? भनी शील पालनामा दृढ भई आफूलाई जनपक्षिय रूपमा ढाल्नु पर्दछ । राज्य सञ्चालनमा जनभावना अनुरूप कार्य गर्नुपर्दछ । यसको लागि सबैको राय सल्लाह एवं सुझावलाई सकारात्मक रूपले लिंदै सबैको हित हुने गरी कार्य गर्नु नै अविरोधी गुणले युक्त हो । म मेरो भन्ने स्वार्थलाई त्यागी क्लेशमुक्त जीवन यापनतिर अघि बढ्ने शासकलाई कहीँ कतैबाट विरोधको सामना गर्नु पर्दैन । कुनै प्रकारको विरोधी नहुनु र बाधा, अवरोध नहुनु नै अविरोधी हुन् । जनताको इच्छा र सेवाहितको कार्य सञ्चालनमा बाधा विरोध हुनु हुँदैन ।[44] वर्तमान सन्दर्भमा विरोधि वा प्रतिपक्षहरूको अस्तित्व वा सुझावलाई समेत सकारात्मक रूपले स्विकार तथा ग्रहण गर्नु अविरोधन हो ।

महाहंस जातक[45]अनुसार शाक्यमुनि बुद्ध वेलुवनमा विहार गरेको बेला आनन्द स्थविरले जीवन परित्याग गरिएको प्रसंगमा आज्ञा भएको कथा हो । यस जातकमा वाराणसी राजाले रानी खेमाको सपनालाई विपनामा परिणत गरिएको कथनको प्रसंगमा चित्रकुटका बोधिसत्व हंस राजा धृतराष्टसँगको वार्तालापमा वाराणसीका राजाले राज्य सञ्चालन विधि तथा अवस्था, जनताको सुख र शान्तिको व्याख्या गरी राष्ट्र उत्पिडनरहित, उपद्रवरहित, जवरजस्ती गर्नु नपर्ने, समतापूर्वक राज्य सञ्चालन भैरहेका, राम्रो मान्छेहरूले सम्मान पाइरहेका, गलत व्यक्तिहरू टाढा नै रहेको, अधर्मलाई छोडेर धर्माचार गरी कुनै कसैको अवरोध तथा विरोधको गुन्जायस नभई सुशासन कायम भएको उल्लेख छ । राजोवाद जातक[46] मा शाक्यमुनि बुद्ध जेतवनमा बसेको बेला राजालाई दिएको उपदेशको क्रममा पूर्वी जीवनकालमा घटेका घटनाबारे देशना भएको कथा हो । वाराणासीमा ब्रम्हदत्तकुमारले

---

[41]*जातक*३०३,

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. ६, पृ. ९।

[42] *जातक*१९५

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. १०, पृ. ९३।

[43] सुमङ्गलजातक ४२०

बज्राचार्य,पूर्वोक्त पादटिप्पणी नं. ६, पृ. २९९।

[44] राहुल, पूर्वोक्त पादटिप्पणी नं. ३, पृ. ८५।

[45] महाहंसजातक ५३४

बज्राचार्य, पूर्वोक्त पादटिप्पणी नं. १, पृ. २३९।

[46] राजोवादजातक १५१

बज्राचार्य,पूर्वोक्त पादटिप्पणी नं.१०, पृ. १।

राज्य सम्हालि धर्मपूर्वक न्यायपूर्वक राज्यगरिरहेका बेला त्यस राज्यमा कुनै झैझगडा, अपराधजन्य कार्य नै नभएकोले न्यायालय नै बन्द गर्नु पर्ने अवस्था भएपछि राजाले आफ्नो केही दुर्गुण थाहा पाउन दरबारबाट निस्की जनताहरू कहाँ भ्रमणमा निस्किए। कतै कसैले दोष देखाउन सकेन र राजाले आफ्ना दोष फेला पार्न सकेन। यसरी जनताको हितलाई सर्वोपरी ठानी म मेरो भन्ने आत्म स्वार्थलाई त्यागी कहीँ कतैबाट पनि विरोध नआउने कार्यमा केन्द्रित राज्यका शासक भएमा राष्ट्रमा जनता र शासन दुबैको कल्याण हुन्छ। यसरी जनताको राज्यमा जनताको सुख, शान्तिपूर्ण रूपले आनन्ददायी जीवनयापन हुन्छ।

**निष्कर्ष**

आजभन्दा २६०० वर्ष अगाडि शाक्यमुनि बुद्धले बुद्धत्व प्राप्तिपछि अनरवत रूपमा ४५ वर्षसम्म दिएको धर्म देशना मानव सभ्यताको लागि अनुपम सम्पत्तिको रूपमा रहेको छ। उक्त बुद्ध शिक्षा वर्तमान घडीमा समेत मानव जीवनको हर क्षेत्र तथा पाइलामा उपयोगी रही यसको महत्व झन् बढी रहेको छ। व्यक्तिगत चरित्र निर्माणदेखि समाज र राष्ट्रको हर क्षेत्रमा दश राजधर्मले नैतिकता, इमानदारिता, लगनशिलता, त्याग, तपस्या लगायत सबै हितकारी कार्यलाई नै ध्यान दिएको देखिन्छ। आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिको लागि अरूलाई हानीतथा अन्यायपूर्ण व्यवहार देखिंदैन। यस अर्थमा दश राजधर्मको उपयोगिता तथा उपादेयिता अझै प्रगाढ रहेको देखिन्छ। वास्तवमाम, मेरो भन्ने स्वार्थी मनुष्यको कारण सिर्जित अनेकौँ विसंगति, विकृतिको रूपमा देखापर्ने अपराधजन्य क्रियाकलाप जस्तै हत्या, लुटपाट, बलात्कार, चोरी, डकैती, मानव बेचबिखन तथा लिङ्गभेद, छुवाछुत, अन्य भेदभावलगायत युद्ध तथा नरसंहारको साथै चरम अभावएवं गरिबीको विकराल समस्याको अवस्था तथा भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती जस्ता चरम दुरूपयोग विद्यमान रहेका छन्। तसर्थ राज्य प्रशासन यन्त्रमा नै सुधारको आवश्यकता बोध गरी चालिएका अनेकौँ प्रयासको सन्दर्भको विश्लेषण गर्दा दश राजधर्म नितान्त नैतिक मूल्य मान्यतामा रही इमानदार तथा सुचरित्रमा आधारित भई निर्वाण मार्गमा प्रेरित मार्ग दर्शनसमेत भएको वर्तमान समयमा पनि यसको महत्व तथा उपयोगिता आवश्यक रहेको देखाउँछ।

**सन्दर्भ ग्रन्थसूची**


बज्राचार्य, दुण्ड बहादुर, *जातक*, खुगूगु भाग, ललितपुरः बीर–पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०६८।

बज्राचार्य, दुण्ड बहादुर, *जातक*, निगूगु भाग, ललितपुरः बीर– पूर्ण जातक संग्रहालय, वि.सं., २०६८।

बज्राचार्य, दुण्ड बहादुर, *जातक*, न्यागूगु भाग, ललितपुरः वीर– पूर्ण जातक संग्रहालय, वि.सं. २०६८।

बज्राचार्य, दुण्ड बहादुर, *जातक*, न्हापांगु भाग, ललितपुरः बीर– पूर्ण जातक संग्रहालय, वि.सं. २०६८।

बज्राचार्य, दुण्ड बहादुर, *जातक*, प्यंगुगु भाग, ललितपुरः वीर–पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०६८।

बज्राचार्य दुण्ड बहादुर, *जातक*, स्वंगुगु भाग, ललितपुरः वीर–पूर्ण जातक संग्रहालय, वि.सं. २०६८।

बज्राचार्य, दुण्ड बहादुर, *दीघ निकाय*, ललितपुरः वीर–पूर्ण पुस्तक संग्रहालय, २०५६।

बज्राचार्य, दुण्ड बहादुर, *धम्मपद*, ललितपुरः वीर–पूर्ण पुस्तक संग्रहालय, वि.स २०५८, पृ. २०३।

शाक्य, केशवमान, 'दशपारमिता' ,*बुद्ध शिक्षाका आयामहरू*, काठमाडौंः केशरमान ताम्राकार र अन्य, वि.सं. २०७६।

Barua, and Barua 'Buddhist Approach to Universal Ethics through Good Governance: A Study on Ten Royal Vitues',*Mindful Leadership for Sustainable Peace,* Hanoi*:* Buddhist University Publications,2019 Web. Access 10th April 2020

Bodhiprasiddhinand. 'Notes on Buddhism and 'Good Governance'. *Sahasat*. year 9. vol. 2. Thailand: Faculty of Social Science and Humanities. Mahidol University. 2009.

Rahul. *What Buddha Tought*.Taipei: The Corporate Body for the Buddhism Educational Foundation. 1978.